नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(.........................शाखा)

प.सं. : ०७५।७६

च.नं. : ९२८

मिति : २०७५।०६।२४

सिंहदरवार, काठमाण्डौं

## प्रेस विज्ञप्ति

संवत् २०७५ साल असोज २२ गतेदेखि २७ गते (अक्टोवर ८-१२, २०१८) सम्म जापानको टोकियोमा आयोजना भइरहेको एशियाली-अफ्रिकी कानून परामर्शदातृ संगठन (Asian-African Legal Consultative Organization (AALCO) को ५७ औं अधिवेशनलाई असोज २३ गते नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरिरहनु भएका माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानु भक्त ढकालज्यूले सम्बोधन गर्नुभयो । उक्त सम्बोधनको क्रममा माननीय मन्त्रीज्यूले नेपालसँग समेत प्रत्यक्ष सम्बन्धित भूपरिवेष्टित राष्ट्रहरूको पारवाहन स्वतन्त्रता, आप्रवासी कामदारहरूको अधिकारको संरक्षण तथा जलवायु न्याय जस्ता अन्तर्राष्ट्रिय कानूनका साझा सरोकारका विषयलाई जोड दिनुभएको थियो। उहाँले भूपरिवेष्टित राष्ट्रहरूको खुला समुन्द्रसम्म सहज र प्रभावकारी पहुँच सुनिश्चित गर्न प्रभावकारी अन्तर्राष्ट्रिय लिखत जारी गर्ने विषय तथा आप्रवासी कामदारहरूको आवागमनलाई नियमित गर्ने संयन्त्रको अभाव रहेको कारणबाट त्यस्ता कामदारहरूको अधिकारको संरक्षण प्रभावकारी हुन नसकेको विषय उल्लेख गर्दै यस्तो महत्वपूर्ण विषयलाई समेत विश्वव्यापी रुपमा सम्बोधन गर्न आवश्यक रहेको विचार व्यक्त गर्नुभयो ।

त्यसैगरी उहाँले नेपालमा पनि जलवायु परिवर्तनबाट असर परेको उल्लेख गर्दै जलवायुमा आएको अनियमित परिवर्तन, हिउँको तिब्र पग्लने क्रम, जैविक विविधतामा पुगेको क्षति, स्वच्छ पानीका श्रोतमा आएको कमी तथा खडेरी यसको परिणाम भएको बताउनु भएको थियो। उहाँले सम्बोधनको क्रममा जलवायु परिवर्तनको भार अल्पविकसित मुलुकहरूमा थोपर्न नहुने तथा जलवायु क्षेत्रमा समेत जलवायु न्याय स्थापित होस् भन्ने विषयमा समेत जोड दिनु भएको थियो।

साथै असोज २३ गते अपरान्ह माननीय मन्त्री श्री भानु भक्त ढकालज्यू र जापानका महामहिम न्याय मन्त्री श्री ताकासी यामाशिताज्यूबीच द्विपक्षीय शिष्टाचार भेटघाट भएको थियो। उक्त भेटका अवसरमा माननीय मन्त्रीज्यूले नेपालमा लामो अन्तराल पछि विकास र सम्वृद्धिप्रति समर्पित स्थीर सरकार बनेको जानकारी गराउँदै जापान सरकारले नेपालको आर्थिक तथा सामाजिक विकासमा पुऱ्याएको योगदानको प्रशंसा गर्नुभएको थियो। त्यसै गरी सो अवसरमा जापानका महामहिम न्याय मन्त्री श्री ताकासी यामाशिताज्यूले जापान र नेपालबीचको सम्बन्ध प्रगाढ रहेको उल्लेख गर्दै सन् २०२० को अप्रिलमा जापान सरकारले जापानको क्योटोमा आयोजना गर्न गइरहेको "अपराध नियन्त्रण र फौजदारी न्याय" सम्बन्धी संयुक्त राष्ट्र संघीय १४औं कंग्रेस (14th UN Congress on Crime Prevention and Criminal Justice) मा नेपालको तर्फबाट उच्चस्तरीय सहभागिताको लागि समेत अनुरोध गर्नुभएको थियो। उक्त द्विपक्षीय भेटका अवसरमा नेपाली प्रतिनिधिमण्डलका सदस्य लगायत जापानका लागि नेपालका महामहिम राजदुत श्री प्रतिभा राणाको समेत सहभागिता रहेको थियो।

AALCO को उक्त ५७ औं अधिवेशन यही असोज २६ गते (अक्टोवर १२) सम्म जारी रहने कार्यक्रम रहेको छ। सो अधिवेशनमा माननीय मन्त्रीज्यूको नेतृत्वमा यस मन्त्रालयका सहसचिव समेत सम्मिलित चार सदस्यीय नेपाली प्रतिनिधिमण्डलले भाग लिइरहेको छ।

२०७५।६।२४

(हुमबहादुर के.सी.)

उपसचिव एवं सहायक प्रवक्ता

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७

फ्याक्स नं.: ४-२११६८४